# आठबीस नगरपालिका
# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १ मिति : २०७६/२/१४


**भाग-२**

**आठबीस नगरपालिका**

# युवा स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि २०७६

**प्रस्तावना**

युवाहरुको उमेर समुहबारे फरक-फरक कानुनहरुमा फरक-फरक उमेर उल्लेख गरिएको छ । यद्यपी सयुक्त राष्ट्रसंघ र नेपाललेसमेत १६ बर्षदेखि ४० बर्षसम्मका ब्यक्तिहरुलाई युवाको रुपमा गणना गर्ने गरेको छ । नेपालको कुल जनसंख्यामा युवाहरुको प्रतिशत उल्लेख्य रहको छ । उत्पादनको हिसावले युवाहरुलाई सक्रिय जनसख्याको रुपमा लिइन्छ। राष्ट्रिय जनसख्यामा सक्रिय जनसंख्याको हिस्सा ठुलो रहनु कुनै पनि मुलुकको लागि सकरात्मक मानिन्छ। दक्ष र सिपयुक्त जनशक्ति मुलुक परिवर्तनका महत्वपूर्ण आधार हुन ।

उत्पादनशिल युवाहरुको ठुलो जनसख्या रहेता पनी हाम्रो मुलुकमा उनीहरुको सिप र क्षमतालाई उपयोग गर्ने उचित वातावरण बनेको छैन । युवाहरुको ठुलो हिस्सा बेरोजगार रहेको छ। दैनिकरुपमा झण्डै ५०० युवाहरु बैदेशिक रोजगारीको शिलशिलामा बिदेशिने गरेका छन । झण्डै ३५ लाख युाहरु रोजगारीको शिलशिलामा मुख्यगरी अरव मुलुकहरु, मलेसिया, कोरिया तथा अन्य यूरोपेली मुलुकहरुमासमेत आफ्नो श्रम बेचिरहेका छन्



। यसमा भारतमा जाने युवाहरुको सख्या समाबेश गरिएको छैन । बैदेशिक रोजगारीबाट प्राप्त हुने बिप्रेषण रकम राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण हिस्सा रहेको छ । लामो समयसम्म बैदेशिक रोजगारीमा रहदा पठाएको पैसा उनीहरुका परिवारले उत्पादनशिल भन्दा गैरउत्पादनशिल क्षेत्रमा खर्च हुने गरेको छ। यसले गर्दा उनिहरुको परिवारको आर्थिक स्थितिमा खासै परिर्वतन आउन सकेको छैन ।

नेपालको मौजुदा संविधानले रोजगारीको हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । तर यस हकलाई कानुनको अधिनमा रहने भनी उल्लेख गरेकोले रोजगारीको ग्यारेन्टी गर्ने कानुनहरु नबन्दासम्म रोजगारीको सुनिश्चता हुने भन्ने देखिदैन। यद्यपी नेपाल सरकारले हरेक स्थानीयतहहरुमा रोजगार संयोजकको नियुक्ती गरी बेरोजगारहरुको तथ्यांक लिने कार्य भने शुरु गरि सकेको छ ।

कर्णाली क्षेत्रमा रहेको दैलेख जिल्लामा पनि बेरोजगारी ब्यप्त रहेको छ । यस क्षेत्रका युवाहरुमा स्थानीयस्तरमा रोजगारी अवसर कम हुनाले छिमेकी मुलुक भारतमा मौसमी रोजगारीको लागी जाने गरेका छन्। यसैगरी बैदेशिक रोजगारीको लागि अरव मुलुकहरु, मलेसिया, कोरियालगायतका मुलुकहरुमा जानेको सख्या पनि ठुलो रहेको छ। यस समस्यालाई न्यूनिकरण गर्ने प्राराम्भीकपहलको रुपमा आठबीस नगरपालिकाले आ.व. २०७५।०७६ बाट युवा स्वरोजगार कार्यक्रम शुरु गर्नेगरी नीति तथा कार्यक्रम पारित गरेको छ। सोही अर्न्तगत यस आर्थिक बर्षमा कुल १८ जना युवाहरुमा सीप बिकास तालिम दिई उद्यमशिलता बिकास गर्ने उद्देश्यले यो कार्यबिधि निर्माण गरिएको छ ।

**लक्ष्य :**

स्थानीयस्तरमै रोजगारीका अवसरहरु सृजना गरि बेरोजगारी समस्य न्यूनिकरण गर्ने ।

**उद्देश्य :**

- बार्षिक रुपमा निश्चित सख्यामा बेरोजगार युवाहरुलाई सिप बिकास तालिम दिने ।

- तालिम लिएको युवाहरुमा उद्यमशिलता बिकास गर्ने ।
- उद्यमशिलता बिकास गर्नको लागि लागत सहभागिताको आधारमा नगरपालिकाले अनुदान रकम उपलब्ध गराउने ।

**सहभागीहरुको छनौट बिधि :**

नगरपालिका कार्यालयले पठाएको पत्रको आधारमा वडा कार्यालयहरुबाट तोकिएको सख्या तथा उल्लिखित मापदण्ड पुरा गरी सिफारिस भई आएका बेरोजगार युवाहरु यस कार्यक्रममा सहभागी हुनेछन ।

**तालिम सम्बन्धी व्यबस्था :**

सिफारिस भई आएका सहभागीहरुलाई उनिहरुले शुरु गर्ने उद्यमशिलतासंग सम्बन्धित सिपको आधारमा निश्चत समुहमा बिभाजन गरी नगरपालिकाले आधारभुत सिप बिकास तालिम प्रदान गर्ने छ ।

**लागत सहभागिता सम्बन्धी व्यबस्था :**

तालिममा सहभागी भएपश्चात उद्यमीहरुले नगरपालिकाले उपलब्ध गराउने रकमलाई १०० प्रतिशत मानी सो को २५ प्रतिशतले हुन आउने रकम समुहको वा नगरपालिकाले तोकेको खातामा नगदै जम्मा गर्नु पर्नेछ । तत् पश्चात मात्र नगरपालिकाले अनुदान रकम प्रदानगर्ने छ ।

**प्रस्तावना पेश गर्नुपर्ने :**

तालिममा सहभागीहरुले ब्यक्तिगत वा सामुहिक रुपमा आफुले शुरु गर्न लागेको ब्यबसायको प्रकृति, कुल लागत, उत्पादन हुने बस्तुको परिणाम, सृजना हुने रोजगारीको सख्या र प्रतिफल समेत समाबेश गरी ब्यबसायिक योजना पेश गर्नु पर्नेछ ।

**अनुदानका शर्तहरु**

- नगरपालिकाले उपलब्ध गराउने रकमलाई १०० प्रसिशत मानी सो को २५ प्रतिशतले हुन आउने रकम सहभागीले लागत सहभागीता गर्नु पर्नेछ ।
- ब्यबसाय संचालन पश्चात प्रतिफलको मुल्याकन गरी ब्यबसाय प्रभावकारीरुपमा संचालनभएको देखिएमा नगरपालिकाले उपलब्ध गराएको रकमलाई अनुदानको रुपमा परिर्वतन गर्न सक्नेछ ।
- संचालन गरिएको ब्यबसाय प्रभावकारी नदेखिएमा उपलब्ध गराएको रकम





असुलउपर गर्न बाधा पर्ने छैन ।

**अन्य व्यबस्था :**

यस कार्यक्रमको कार्यान्वयन गर्ने शिलशिलामा अन्य कुनै निणर्य गर्नु पर्ने भएवा यो कार्यबिधिलाई संशोधनगर्नु पर्ने देखिएमा सो को सम्पूर्ण नगरपालिका कार्यालयसंग रहनेछ ।

आज्ञाले

**कुलराज सुवेदी**

**प्रमुख प्रशासकीय अधिकृत**